# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

## समन्वयको कमीले नागरिक समस्यामा : प्रमुख आयुक्त बस्न्यात

-----------------------------------------------------------------------------------------------

काठमाडौं, मंसिर ५ । अख्तियार दुरुपयोग अनुसन्धानका आयोगका प्रमुख आयुक्त दीप बस्न्यातले काठमाडौं उपत्यका लगायत मुलुकका विभिन्न स्थानमा देखिएको ट्राफिक बत्तीको अवस्था, सडक जाम र सडकको अवस्थामा सुधार ल्याउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने बताउनु भएको छ ।

प्रमुख आयुक्त बस्न्यातले यस सम्वन्धमा मंगलवार आयोगमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, नेपाल प्रहरीका प्रमुख, ट्राफिक प्रहरीका प्रमुख, काठमाडौं महानगरपालिकाका कार्यकारी अधिकृत लगायत सम्वन्धित निकायका प्रमुखहरुसँग जानकारी लिएपछि निर्देशनका क्रममा यस्तो विचार व्यक्त गर्नुभएको हो । काठमाडौंका सडकमा ट्राफिक बत्ती अस्तव्यस्त भएको सन्दर्भमा सम्वद्ध पदाधिकारीहरुलाई आयोगमा बोलाई छलफल भएको थियो ।

प्रमुख आयुक्त बस्न्यातले काठमाडौंवासीले भोगेको समस्याप्रति सरोकारवाला निकायहरुले चासो नदेखाएकै कारण आयोग स्वयंले पहल गर्नु परेको बताउनु भयो । उहाँले समन्वयको अभावमा यी क्षेत्रको समस्याले निकास नपाएको स्पष्ट पार्नुभयो ।

प्रमुख आयुक्तले यी क्षेत्रमा देखिएका समस्या समाधान कसरी गर्ने भन्ने आजको प्रमुख चुनौती रहेको बताउदै काठमाडौं उपत्यकाको सडकको अवस्था र सवारी साधनको स्थितिलाई हेर्दा सवारी साधन सम्वन्धी स्पष्ट नीति तर्जुमा नगर्ने हो भने भोलिका दिनमा यसबाट विकराल समस्या आउने तर्फ सचेत गराउनु भयो ।

यी विषयमा सम्वन्धित निकायले चासो नदिदा यी समस्या समाधानका लागि आमनागरिक अख्तियारमा उजुरी गर्न वाध्य हुने गरेको उल्लेख गर्दै प्रमुख आयुक्त बस्न्यातले सकारात्मक परिणामका लागि आयोग जस्तोसुकै सहयोग गर्न तयार रहेको पनि सो अवसरमा जानकारी गराउनु भयो ।

कार्यक्रममा आयुक्त नवीनकुमार घिमिरेले काठमाडौं उपत्यकामा देखिएको ट्राफिक बत्ती लागायतका समस्या समाधानका लागि सम्वन्धित निकायको सक्रियता जरुरी रहने उल्लेख गर्दै परिणाममुखी काममा लाग्न सम्वद्ध निकायका प्रमुखहरुसँग आग्रह गर्नुभयो ।

त्यसैगरी अर्का आयुक्त डा. गणेशराज जोशीले नयाँ प्रविधिको विकाससँगै समस्या बढ्दै गएको बताउदै काठमाडौं उपत्यकाको सडक व्यवस्थापन र ट्राफिक बत्तीको प्रवन्ध मिलाउन सडक विभागले विशेष जिम्मेवारी लिनु पर्दछ भन्नुभयो ।

आयोगका सचिव राजन खनालले छलफलबाट धेरै विषय स्पष्ट भएकोले काठमाडौं उपत्यकाको सडकको अवस्थालाई ध्यानमा राखेर सवारी साधनको व्यवस्थापन गर्नुपर्ने उल्लेख गर्दै यस विषयमा तत्काल समाधान गर्नुपर्ने विषयमा सम्वन्धित निकायको ध्यान जान जरुरी छ भन्नुभयो ।

कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव देवेन्द्र कार्की , यातायात व्यवस्था विभागका महानिर्देशक रुपनारायण भट्टराई, प्रहरी महानिरीक्षक प्रकाशअर्याल , प्रहरी अतिरिक्त महानिरीक्षक जयवहादुर चन्द, प्रहरी नायव महानिरीक्षक सर्वेन्द्र खनाल, काठमाडौं महानगरपालिका काकार्यकारी अधिकृत धनीराम शर्मा लगायतले काठमाडौं उपत्यकको ट्राफिक बत्ती, सवारी जामको समस्या र सडको अवस्थाको बारेमा आ–आफ्नो ठाउँबाट भए गरेका कामको बारेमा जानकारी गराउनु भएको थियो ।